Jesus Film Project®
A Cru Ministry



# येशुको बारेमा विचार गर्नु

सामुदायिक साना समूहहरूका लागि
१०- हप्ते रणनीति

# येशुको बारेमा विचार गर्नु

## सामुदायिक साना समूहहरूका लागि
## १०- हप्ते रणनीति

लाजबाट स्वतन्त्र भइकी: मग्दलेना *को प्रयोग गरेर तपाईंले मानिसहरूलाई येशु को हुनुहुन्छ र उहाँलाई पछयाउनु भनेको के हो भने अझ राम्रोसँग बुझ्न सहायता गर्न सक्नुहुन्छ।*

Jesus Film Project®
A Cru Ministry

## अगुवाको निर्देशिका

# तपाईंको समुदायमा परमेश्वरको राज्य निर्माण गर्न वहाँले तपाईंलाई सार्थक तरिकाहरूमा प्रयोग गर्नुहुनेछ।

तपाईंले पहिलो चोटि येशु को हुनुहुन्छ: वहाँको सहानुभूति, वहाँको कोमलता, वहँको पवित्रता, वहाँको सहृदयता र वहाँको राजत्वको बारे थाहा गर्दाखेरिको समयलाई याद गर्न केही क्षण लिनुहोस्। वहाँ तपाईंले आशा गर्नुभएको र तपाईंलाई बचाउन र छुटाउन सक्ने सबै थोक हुनुहुन्थ्यो। वहाँ तपाईंको आशा हुनुहुन्छ, अनि वहाँ सबै राष्ट्रहरूका र मानिसहरूका आशा हुनुहुन्छ।

प्रकाशको पुस्तकमा प्रेरित यूहन्ना लेख्छन्:

"यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। तिनीहरू उच्च सोरले कराए: 'सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।'" (प्रकाश ७:९-१०, Nepali New Revised Version, NNRV)

राजाहरूका महाराजा को हुनुहुन्छ भन्ने तपाईंसँग सशक्त ज्ञान छ, र हामी वहाँको बारेमा अरूहरूलाई बताउन र परमेश्वरको परिवारमा एकसाथ वृद्धि हुनमा तपाईंहरूलाई सुसज्जित गर्न चाहन्छौं।

मत्तिको सुसमाचारको अन्तिम पदहरूमा येशुले भन्नुभयो:

"यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।" (मत्ती २८:१९-२०, NNRV)

वहाँले हामीलाई जान, चेलाहरू बनाउन, तिनीहरूलाई बप्तिस्मा दिन र सिकाउन, र हामी हरेक सहरहरू तथा पहाडहरूबाट भएर जाँदा वहाँ सधैं हामीसँगै हुनुहुनेछ भनेर भन्नुहुन्छ। *येशुको बारेमा विचार गर्नु* ले सहायता गर्न एउटा ठुलो रणनीति प्रदान गर्छ। यसलाई प्रयोग गरेर समर्पित चेलाहरूलाई आकार दिन सहायता पुर्याउन सक्नुहुन्छ, जो येशु को हुनुहुन्छ भनेर अझ गहन रूपमा सिक्न एक साथ जिउँछन्।

*येशुको बारेमा विचार गर्नुहोस्* ले *लाजबाट स्वतन्त्र भइकी: मग्दलेना* भन्ने फिल्मका छोटा भागहरूलाई प्रयोग गर्छ, जुनले मरियम मग्दलिनीको गवाही मार्फत् तिनको नजरबाट येशुको बाइबलीय कथालाई देखाउँछ। यो परिवारका सदस्यहरू, साथीभाइहरू र चिनेजानेकाहरूको एउटा सानो समूहमा प्रयोग गर्न मिल्ने एउटा राम्रो सामग्री हो। तिनीहरूले फिल्मका प्रत्येक भागहरू हेर्दै जाँदा, येशुको जीवन, आश्चार्यकर्महरू, मृत्यु र पुनरुत्थानको बारेमा अरू धेरै कुराहरू सिक्न सक्छन्। धेरै जना केवल वहाँ को हुनुहुन्छ भन्ने कुरैले येशुलाई पछयाउन बाध्य हुनेछन् भने, बाँकी अरूहरूले चाहिँ वहाँको बारेमा सिक्ने अरू अवसरहरू पाएको चाहने छन्। यस शृङ्खलाको अन्त्यमा, *येशुको बारेमा विचार गर्नु* ले यसपछि येशु फिल्म परियोजना®ले बनाएको *रिभ्का* वा *येशुलाई चिन्नु* जस्ता सामग्रीहरूमध्ये एकलाई प्रयोग गरेर सानो समूहमा छलफलहरू गर्ने निमन्त्रणा दिंदछ।

*येशुको बारेमा विचार गर्नु* लाई प्रयोग गर्ने त्यहाँ चार वटा सामान्य कदमहरू छन्।

# पहिलो कदम

# ०१

## तपाईं कसलाई यो देखाउन चाहनुहुन्छ सो तय गर्नुहोस्

येशुको बारेमा अरू धेरै कसले जानेको तपाईं चाहनुहुन्छ? के त्यहाँ कुनै नजिकैको गाउँ वा छरछिमेक छ जसले वहाँको बारेमा थाहा पाउनु आवश्यक छ? कुनै साथीभाइ वा सँगै काम गर्ने साथीको समूह छ कि?

पहिला, त्यो ठाउँको "शान्तिप्रिय मानिस" को पहिचान गर्नुहोस्। लूका १०:६ मा येशुले आफ्नो सन्देश लिएर जान आफ्ना चेलाहरूमध्ये ७२ जनालाई तिनीहरू जाने हरेक ठाउँमा शान्तिप्रिय मानिसको खोजी गर्न आज्ञा दिएर पठाउनुभयो।

शान्तिप्रिय मानिस विश्वासी नै हुनुपर्छ भन्ने जरुरी छैन, तर त्यो व्यक्ति हो, जो:

- ख्रीष्ट र वहाँको शिक्षाहरूप्रति सकरात्मक छ
- त्यस समुदायमा प्रभावशाली वा सुपरिचित छ
- तपाईंले छान्नुभएको समुदायमा तिनीहरूका सञ्जालसित तपाईंलाई परिचित गराउन इच्छुक र तत्पर छ
- अरूहरूलाई *मग्दलेना* फिल्म हेर्न बोलाउनमा तपाईंलाई सहायता गर्न इच्छुक छ

हामी तपाईंलाई यस व्यक्तिसँग तपाईंले सम्बन्ध निर्माण गर्नुहोस् भन्ने सुझाउ दिन्छौं। तपाईंको शान्तिप्रिय मानिससँगको तपाईंको सम्बन्ध विकास गर्न मदत गर्ने एउटा निर्देशिका सामग्रीको रूपमा यी तीन-कदमको प्रक्रियालाई तपाईंले प्रयोग गर्न सक्नुहुन्छ।

### १. प्रार्थना

यस शान्तिप्रिय मानिसको लागि प्रार्थना गर्नुहोस्। आफ्नो परिवार र साभीभाइहरूसँग तपाईंलाई परिचय गराइदिने यस मानिस को हो सो परमेश्वरले तपाईंलाई देखाइदिनुभएको होस् भनेर प्रार्थना गर्नुहोस्।

### २. वास्ता

यस नयाँ साथीको निम्ति प्रार्थना र तिनीहरूका आवश्यकताहरूलाई बुझ्न सुरु गर्दैगर्दा, उसबाट व्यक्त गरेका आवश्यकताहरूलाई सुनेर र पूरा गरेर तपाईंले उसको वास्ता गर्नुहुन्छ भनेर देखाउनुहोस्।

### ३. बाँड्नु

जब हामीले मानिसहरूका कुरा सुन्छौं र उनीहरूका आवश्यकताहरू पूरा गर्न मदत गर्छौं, हामीले येशुको सुसमाचार सुनाउने अवसर पाउँछौं। जब अवसर पाउनुहुन्छ, तपाईंको त्यस शान्तिप्रिय मानिसले यदि सुसमाचार पहिलेबाटै सुनिसकेको छैन भने, येशुको सुसमाचार सुनाउनुहोस्।

# दोस्रो कदम

# ०२

## *लाजबाट स्वतन्त्र भइकी: मग्दलेना* फिल्म देखाउनुहोस्।

यस रणनीतिको लागि, हामी दिदीबहिनीहरूको समूहलाई हाम्रो उदाहरणको रूपमा प्रयोग गर्ने छौं, तर पनि, दाजुभाइहरू र परिवारहरूलाई पनि स्वागत गर्छौं र *येशुको बारेमा विचार गर्नु* को प्रयोग गर्न प्रोत्साहन दिन्छौं।

तपाईंको शान्तिप्रिय मानिससँग मिलेर सम्भवत: शान्तिप्रिय मानिसकै घरमा केही दिदीबहिनीहरूलाई *मग्दलेना* फिल्म हेर्न बोलाउनुहोस्। सबै जनाले सँगै खाना खानुहोस् र फिल्म सकेपछि, केही चिया खाजाको व्यवस्था गर्नुहोस्। त्यहाँ आउनुभएको हरेक व्यक्तिको राम्रोसँग वास्ता गर्नुहोस् र उदारतासाथ सत्कार गर्नुहोस्।

*मग्दलेना* फिल्मलाई २०० भन्दा बढी भाषाहरूमा **येशु फिल्म परियोजना** को वेबसाइटबाट र **येशु फिल्म परियोजनाको एप्स** बाट सित्तैंमा हेर्न सकिन्छ। यदि तपाईंको टेलिभिजनमा युएसबी पोर्ट छ भने, *मग्दलेना* फिल्म देखाउन फ्लैस ड्राइभको प्रयोग गर्नुहोस्। यदि तपाईसँग ब्लुटुथ स्पिकर सहितको ट्याबलेट उपकरण छ भने, तपाईंले १० जनासम्मको एउटा सानो समूहलाई वा अलिक ठुलो ठाउँमा त्यो भन्दा बढी मानिसहरूलाई यो फिल्म देखाउन सक्नुहुन्छ।

यो फिल्मको अन्त्यमा, तपाईंका दर्शकहरूलाई अर्को पटकको भेटघाटको लागि दुई पटक निमन्त्रणाहरू दिनुहोस्:

पहिले, ती दिदीबहिनीहरूलाई येशुको चेलाहरू बन्ने निमन्त्रणा दिनुहोस्। उनीहरूले हेरेको यस फिल्मसँग सम्बन्धित गरेर तपाईंको आफ्नै कथा बताउने बारेमा विचार गर्नुहोस्।

दोस्रो, येशुको बारेमा अरू कुराकानी गर्न अर्को दिन फेरि आउन निमन्त्रणा दिनुहोस्! तिनीहरूका इच्छुक साथीभाइहरूलाई पनि ल्याउन चुनौती दिनुहोस्। यसरी तपाईंले तिनीहरूसँग भएका प्रश्नहरू सम्बनोध गर्न सक्नुहुन्छ भने *येशुको बारेमा विचार गर्नु* पाठ्यपुस्तक मार्फत् ख्रीष्टका कथाहरूको अध्ययन गर्न पनि सुरु गर्न सक्नुहुन्छ।

त्यसपछि, त्यहाँ आएका दिदीबहिनीहरूसँग परिचय गर्न समय बिताउनुहोस्। यस फिल्ममा तिनीहरूले हेरेका कथाहरू र मुख्य विषयवस्तुहरूलाई तिनीहरूले आफ्नै दु: खद कथाको रूपमा बताउन सक्छन्। आवश्यक भए, प्रत्येकको लागि प्रार्थना गरिदिनुहोस्।

अब सबैभन्दा उत्कृष्ट भाग आउँछ!

# तेस्रो कदम

# ०३

## तपाईं *येशुको बारेमा विचार गर्नु* भन्ने नयाँ सानो समूह सुरु गर्नुहोस्।

येशुमा र यस सानो समूहमा चाख देखाउने प्रत्येक दिदीबहिनीहरूका - हृदयको जमिनलाई मलिलो पारिदिनुभएको होस् र पवित्र आत्माले येशुतिर फर्काइदिनुभएको होस् भनेर प्रार्थना गर्नुहोस्। येशुको हरेक कथाले तिनीहरूमा महत्त्वपूर्ण र अर्थपूर्ण तरिकाले प्रभाव पार्न सकोस्, र ती कथाहरूसँग तिनीहरूले आफैंलाई व्यक्तिगत रूपमा सम्बन्धित गर्न सकून् भनेर प्रार्थना गर्नुहोस्।

यस भेटघाटमा र पछिका भेटघाटमा, तपाईंले येशुको बारेमा अरू सिक्न र तिनीहरूसँग कुराकानी गर्न *मग्दलेना* फिल्मबाट १० वटा भागहरूका प्रयोग गर्नुहुनेछ। हरेक भागका सामान्य विषय-वस्तु यहाँ छन्:

1. प्रत्येक स्त्रीलाई देखिएको र जानिएको छ
2. येशु: एक अगमवक्ताभन्दा पनि बढी हुनुहुन्छ
3. बन्धनबाट छुटकारा
4. येशुको सहानुभूति
5. सङ्घर्ष र पूर्वाग्रह
6. चङ्गाइ र पुनर्स्थापना
7. लाज र आदर
8. येशु र वहाँको पाप-क्षमाको बारेमा थाहा गर्नु
9. अरूहरूका अघि येशुलाई स्वीकार गर्ने र उनीहरूलाई येशुको बारेमा बताउने इच्छा
10. येशुसँगै जिउनु

आउँदो हप्ताहरूमा, तपाईंको नयाँ समूह येशुको बारेमा र वहाँको चेला हुनुको अर्थ के हो भन्ने तिनीहरूको बुझाइमा वृद्धि हुनेछन्। तिनीहरूसँग ख्रीष्टियान समुदायभित्रको जीवन अनुभव गर्ने अवसर पनि हुनेछ।

बलियो मित्रता गाँस्न हामी प्रत्येक भेटघाटमा तीन-तिहाइ (३/३) नामक फर्म्याटलाई प्रयोग गर्छौं। यो ३/३ फर्म्याट एउटा व्यवहारिक समूह संरचना हो जुनले तपाईंका भेटघाटहरूलाई सजिलै अघि बढ्न र तालिका प्रदान गरी अभिप्राय, प्रोत्साहन र वृद्धिलाई सुनश्चित गर्छ। यसका तीन वटा भागहरू छन: पछाडि हेर्नु, माथि हेर्नु र अगाडि हेर्नु।

नोट: *येशुको बारेमा विचार गर्नु* लाई तपाईंलाई परमेश्वरको बोलावट पूरा गर्न मदत गर्ने नमुनाको रूपमा डिजाइन गरिएको छ। **तपाईंका सांस्कृतिक आवश्यकताहरूलाई राम्रोसँग समायोजित गर्न यसलाई आफू अनुकूल बनाउन स्वतन्त्र हुनुहोस्!**

## तीन-तिहाइ

**चेलापन तालिम प्रक्रिया**

### पछाडि हेर्नु

- **वास्ता:** तपाईंलाई कस्तो छ बताउनुहोस्। जीवनका कथाहरू र पृष्ठभूमिहरू बताउनुहोस्।
- **आराधना:** भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।
- **विश्वासयोग्यतामा आनन्दित हुनुहोस्:** तपाईंले सिकिरहनु भएका कुराहरूलाई कसरी कार्यान्वयन गर्ने भनेर बताउनुहोस्।
- **दर्शन बाँड्नुहोस्:** येशुले कसरी तपाईंको जीवन परिवर्तन गर्न सक्नुहुन्छ भन्ने बताउनुहोस्। एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### माथि हेर्नु

- **देखाउनुहोस्:** सबै भागहरूलाई दुई चोटि हेर्नुहोस्। येशुको नयाँ कथा सबै मिलेर सिक्नुहोस्।
- **बताउनुहोस्:** हेरिएको कथाको भागलाई आफ्नै शब्दहरूमा बताउनको लागि एक जनालाई अनुरोध गर्नुहोस्।
- **पूरा गर्नुहोस्:** त्यस कथाका खाली ठाउँहरूमा भर्न अरूहरूलाई पनि निमन्त्रणा दिनुहोस्।
- **छलफल गर्नुहोस्:** समयले भ्याएसम्म छलफलका प्रश्नहरूमाथि छलफल गर्नुहोस्।

### माथि हेर्नु

- **कार्यान्वयन गर्नुहोस्:** तपाईंले सिक्नुभएको कुरालाई कसरी कार्यान्वयन गर्नुहुनेछ भनेर निधो गर्नुहोस्।
- **अभ्यास गर्नुहोस्:** एक-अर्कालाई यो कथा बताउनुहोस्।
- **बाँडचुँड गर्नुहोस्:** यो कथा कसलाई सुनाउनुहुनेछ भनेर छलफल गर्नुहोस्।
- **प्रार्थना गर्नुहोस्:** हामीले सिकेको कुराको लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्। एक-अर्को निम्त र समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# चौथो कदम

०४

## अर्को कदम उठाउनुहोस्

*येशुको बारेमा विचार गर्नु* को यस अन्तिम पाठले ख्रीष्टियान जीवन जिउनुबारे छलफल गर्ने छ। यस भागमा, मरियमले श्रेष्ठ बोलावट र येशुलाई पछ्याउनुको मूल्यबारे पुनर्विचार गर्छिन्। यदि मानिसहरू तयार छन् भने तिनीहरूका अर्को कदमको लागि तिनीहरूलाई तपाईंको समूहमा डोर्याउनु महत्त्वपूर्ण हुनेछ। **यो तपाईंको समूहका एक वा सो भन्दा बढी सदस्यलाई तिनीहरूका आफ्नै *येशुको येशुको बारेमा विचार गर्नु* भन्ने समूह सुरु गर्न र आफूले थाहा गरेका कुराहरू अरूहरूलाई बताउन चुनौती दिने यो एउटा ठुलो अवसर हुन सक्छ।** यदि तपाईंको समूहले एकसाथ भेटघाट गर्ने कामलाई निरन्तरता दिन चाहन्छ भने, हामी नयाँ सामूहिक अध्ययन जस्तै *रिभ्का* वा *येशुलाई चिन्नु* मा परिवर्तन गर्न सल्लाह दिन्छौं। तपाईंले यी दुवै अध्ययनबारे अरू जानकारी तल पाउन सक्नुहुन्छ:

*रिभ्का* Informational Page:
www.jesusfilm.org/partners/resources/strategies/women/gather-and-grow/

*येशुलाई चिन्नु* सूचना पृष्ठ:
www.jesusfilm.org/partners/resources/strategies/knowing-jesus/

*Knowing Jesus* प्रचारात्मक भिडियो:
www.youtube.com/watch?v=MkYpNK5OvKk

# अगुवाको छिटोछरितो सन्दर्भ निर्देशिका

## भाग-भाग अध्ययनहरूबाट भएर कसरी अगाडि बढ्ने

*मग्दलेना* फिल्मलाई येशुले मानिसको भ्रष्टतापूर्ण अवस्थामाथि शक्तिशाली तवरले विजय पाउनुभएको देख्दाखेरिको मरियमको जीवनका क्षणहरूका बारेमा अझ राम्रोसँग अध्ययन गर्न केही भागहरूमा टुक्राइएको छ। तपाईंको खोजपूलक अध्ययनलाई डोर्याउने सबैभन्दा राम्रो तरिका भनेको उपल्बध फर्म्याटमा एक पटकमा एउटा भागलाई हेर्नु हो।

हरेक हप्ता सबै प्रश्नहरूमाथि छलफल गर्नु आवश्यक छैन। मुख्य कुरा भनेको येशु को हुनुहुन्छ र मरिमको रूपान्तरणबारे हरेक भागहरूले के कुरा प्रकट गर्छ भनेर तपाईंका समूहका सदस्यहरूलाई स्वतन्त्रतापूर्वक छलफल गर्न दिनु हो। सहजकर्ताको भएको नाताले तपाईंको समूहको लागि सुरक्षित वातावरण सृजना गर्ने जिम्मेवारी पनि तपाईंको हो। यसो गर्नका लागि, तपाईंको भूमिकामा सुन्ने र अगुवाइ गर्ने कुराहरू पनि हुनुपर्छन्। यसको उद्देश्य *सामूहिक* छलफल गर्ने हो, प्रचार होइन।

क्लिप्सहरू हेर्नका लागि, तपाईंको **येशु फिल्म परियोजनाको एप्स** मा जानुहोस् र त्यहाँ रहेको खोजी गर्ने बारको प्रयोग गरेर तलको छड्के अक्षरद्वारा हरेक भागलाई खोज्नुहोस्, वा तिनीहरूलाई jesusfilm.org/watch मा गएर येशु फिल्म परियोजनाको वेब साइटमा खोज्नुहोस्।

## यस अध्ययनमा प्रयोग गरिएका *मग्दलेना* फिल्मका हरेक भागहरू यहाँ छन्:

**पाठ १:** प्रत्येक स्त्रीलाई देखिएको र जानिएको छ (भाग: *मरियम मग्दलिनी रिभ्काको घरमा जान्छिन्*)।
**पाठ २:** येशु: एक अगमवक्ताभन्दा पनि बढी हुनुहुन्छ (भाग: *मरियमलाई गरिएको घोषणा*)।
**पाठ ३:** बन्धनबाट छुटकारा (भाग: *दुष्टात्माबाट छुटकारा पाएकी मरियम मग्दलिनी*)।
**पाठ ४:** येशुको सहानुभूति (भाग: *येशुले विधवाकी छोरालाई जीवित पार्नुहुन्छ*)।
**पाठ ५:** सङ्घर्ष र पूर्वाग्रह (भाग: *ईनारमा भेटिएकी स्त्री*)।
**पाठ ६:** चङ्गाइ र पुनर्स्थापना (भाग: *रगत बग्ने रोग लागेकी स्त्री*)।
**पाठ ७:** लाज र आदर (भाग: *व्यभिचारी स्त्रीलाई क्षमा दिइएको*)।
**पाठ ८:** येशुको मृत्यु र पुनरुत्थान (भाग: *मरियमले येशुको मृत्यु र पुनरुत्थानको बारेमा बताउँछिन्*)।
**पाठ ९:** येशु र वहाँको पाप-क्षमाको बारेमा थाहा गर्नु (भाग: *रिभ्काले विश्वास गर्छिन्*)।
**पाठ १०:** येशुसँगै जिउनु (भाग: *ख्रीष्टियान जीवन जिउनु*)।

***वहाँको राज्य विस्तार गर्न वहाँले तपाईंलाई प्रयोग गर्नुभएको होस् भनेर तपाईंले वहाँमाथि भरोसा राख्दैगर्दा परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस् भनेर हामी प्रार्थना गर्दछौं।***

# पाठ १ प्रत्येक स्त्रीलाई देखिएको र जानिएको छ

## मरियम मग्दलिनी रिभ्काको घरमा जान्छिन् (भजनसंग्रह १३९)

पछाडि हेर्नु

### वास्ता

- तपाईंलाई कस्तो छ बताउनुहोस्।
- उदारताको अभ्यास गर्नुहोस्।

### आराधना

- भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्

- विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्

- प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

---

माथि हेर्नु

तपाईंको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गरनुहोस।

उजाडस्थानको बीचमा, हराएको, एक्लो र खिन्न भएको बेला, परमेश्वरले कमारी स्त्री हागारलाई भेट्नुभयो। बाइबलले भन्छ, "हागारले आफूसित कुरा गर्नुहुने परमप्रभुलाई यस्तो नाउँ दिई 'मलाई देख्नुहुने परमेश्वर तपाईं हुनुहुन्छ।' किनभने त्यसले भनी, 'मैले साँच्ची नै परमेश्वरलाई देखेकी छु, र उहाँलाई देखेर पनि म जीवितै छु'" (उत्पत्ति १६:१३-१४, NNRV)। आज हामी त्यस परमेश्वरको बारेमा एकसाथ सिक्ने हाम्रो यात्रालाई सुरु गर्छौं जसले हामी प्रत्येकलाई साँच्चिकै देख्नुहुन्छ र जान्नुहुन्छ।

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई बुँदागत छलफल गर्नु आवशेक छैन
**कदम ३: पूरा गर्नुहोस्।** अघिको सदस्यले भनेको कथामा कुनै खाली ठाउँहरू बाँकी भएमा समूहलाई सो ठाउँमा भर्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** सामूहिक छलफल। नोट: सबै प्रश्नाहरूमाथि छलफल गर्नु आवश्यक छैन।

*१. तपाईंलाई यो कथाको के सामुहिक बढी मन पर्यो? के ले तपाईंको ध्यान खिँच्यो?*
*२. रिभ्काले तिनलाई परमेश्वरले प्रेम गर्नुहुन्छ वा यहाँसम्म कि हुन्छ भन्ने कुरा सम्ममा पनि किन शङ्का गरिन् भन्ने तपाईंलाई लाग्छ?*
*३. आजको समयमा त्यहाँ थुप्रै मानिसहरू छन् जसले परमेश्वरको बारेमा कुरा गर्छन्। परमेश्वरले हाम्रो बारेमा वास्तवमै के सोच्नुहुन्छ वा महसुस गर्नुहुन्छ भनेर हामी कसरी थाहा पाउन सक्छौं?*
*४. भजनसंग्रह १३९:१-१८ पढ्नुहोस्। अगमवक्ता दाऊदले यस खण्डमा परमेश्वरले तपाईंलाई कत्तिको जान्नुहुन्छ भन्ने बारेमा के बताउँछन्?*

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस्)...**
*५. तपाईंको बारेमा परमेश्वरले सबै कुरा देख्नुहुन्छ र बुझ्नुहुन्छ भनेर थाहा पाउँदा यसले तपाईंलाई कस्तो महसुस गराउँछ?*
*६. हाम्रो बारेमा परमेश्वरलाई सबै कुरा थाहा छ, तर पनि हामीलाई प्रेम गर्नमा र अगुवाइ गर्नमा वहाँ विश्वासयोग्य हुनुहुन्छ र सधैं हाम्रो साथमा हुनुहुन्छ। किन हामी कहिलेकाहीं यो कुरामा विश्वास गर्न असफल हुन्छौं भन्ने तपाईंलाई लाग्छ?*

### निष्कर्ष

तपाईंको सृष्टिकर्ताद्वारा पूर्णरूपमा जानिएको हुनु र प्रेम गरिएको हुनुले के अर्थ राख्नेछ भन्ने कुरामाथि मनन् गर्नुहोस्। तपाईंको हरेक भाग देखिएको, ढाकिएको र मूल्य प्रदान गरिएको छ भन्दा कसो होला? येशुले तपाईंका सबै असफलताहरूमा क्षमा र तपाईंको सम्पूर्ण जीवनको लागि एउटा उद्देश्य प्रदान गर्नुहुन्छ। वहाँले अनन्त जीवनको र वहाँकहाँ आउने सबैमा वहाँको सधैं रहिरहने उपस्थितिको प्रतीज्ञा गर्नुहुन्छ। तपाईंलाई परमेश्वरको स्वरूप र वहाँको आफ्नै रूपमा सृष्टि गरियो। तपाईं गौरवशाली र बहुमूल्य हुनुहुन्छ किनभने तपाईंलाई परमेश्वरको स्वरूपमा सृष्टि गरियो (उत्पत्ति १:२६-२७)। येशुको बारेमा विचार गर्नुहोस्।

---

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्

- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी कार्यान्वयन गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्

- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्

- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्

- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# पाठ २ येशु: एक अगमवक्ताभन्दा पनि बढी हुनुहुन्छ

## मरियमलाई गरिएको घोषणा (लूका १:२६-३७)

पछाडि हेर्नु

### वास्ता
• तपाईंलाई कस्तो छ बताउनुहोस्।
• उदारताको अभ्यास गर्नुहोस्।

### आराधना
• भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्
• विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्
• प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

---

माथि हेर्नु

तपाईको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गर्नुहोस।

येशुभन्दा सयौं वर्षअघि, यशैया अगमवक्ताले इस्राएललाई एउटा चिन्ह दिइनेछ: एउटी कन्येले छोरो जन्माउनेछिन् (यशैया ७:१४) भनेर अगवाणी गरे। त्यो छोरो, येशुले आफैलाई यतिसम्म विनम्र बनाउनुभयो कि वहाँ संसारकै सबैभन्दा विनम्र: एक शिशु हुनुभयो। वहाँले आफू केवल पूर्ण परमेश्वर मात्र हुनुहुन्थेन, तर पूर्ण मानिस पनि हुनुहुन्थ्यो भन्ने हदसम्म मानवीय स्वभावलाई पूर्ण तवरले अनुभव गर्नुभयो। वहाँ हामीसँगको वहाँको सम्बन्धलाई पुनर्स्थापना गर्न बढ्दो पीडाहरू, रोगविमारहरू, भोक, प्यास, अफसोस र चोटको सामना गर्न तयार हुनुहुन्थ्यो। अनि जब येशु जन्मनुभयो, वहाँ एउटी कन्ये: मरियमको कोखबाट जन्मनुभयो।

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई उसको आफ्नै शब्दहरूमा बताउन भन्नुहोस्।
**कदम ३: पूरा गर्नुहोस्।** अधिको सदस्यले भनेको कथामा कुनै खाली छुटका बाँकी भएमा समूहलाई सो कुराभन्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** छलफलका प्रश्नहरू:

*१. तपाईंलाई यो कथाको के सबैभन्दा बढी मन पर्यो? के ले कुराले ध्यान खिँच्यो?*
*२. मरियमले स्वर्गदूतको समाचार सुनेपछि तिनले कस्तो महसुस गरिन् भन्ने तपाईंलाई लाग्छ? तपाईंले पनि यस्तै किसिमका समाचारहरू सुन्नुभएको थियो भने कस्तो महसुस गर्नुहुने थियो?*
*३. स्वर्गदूतले भने, "परमेश्वरको निम्ति केही असम्भव छैना" तपाईंको लागि अहिले के कुरा असम्भव छ?*
*४. जन्मिने बालक "परमेश्वरको पुत्र" कहलाइनुहुनेछ भनेर स्वर्गदूत भन्दा त्यसको अर्थ के हो?*

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस्)...**
*५. येशु कन्याको कोखबाट जन्मनु किन महत्त्वपूर्ण थियो भन्ने तपाईंलाई लाग्छ?*

### निष्कर्ष
येशुको गर्भाधारण र जन्मको अविश्वासनीय प्रकृतिमाथि मनन् गर्नुहोस्। वहाँ परमेश्वर र मानिस दुवै हुनुहुन्छ। वहाँ संसारको सृष्टिकर्ता र मानव दुवै हुनुहुन्छ। वहाँ त्यो व्यक्ति हुनुहुन्छ जससँग हामी आफैलाई सम्बन्धित गर्न सक्छौं र मुक्तिदाताको रूपमा भरोसा गर्न सक्छौं। येशुको बारेमा विचार गर्नुहोस्।

---

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्
- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी कार्यान्वयन गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्
- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्
- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्
- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# पाठ ३ बन्धनबाट छुटकारा

## दुष्टात्माबाट छुटकारा पाएकी मरियम मग्दलिनी (लूका ८:१-२)

पछाडि हेर्नु

### वास्ता
• तपाईंलाई कस्तो छ बताउनुहोस्।
• उदारताको अभ्यास गर्नुहोस्।

### आराधना
• भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्
• विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्
• प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

---

माथि हेर्नु

तपाईंको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गर्नुहोस।

मानव बेचबिखन, लागुऔषध दुर्व्यसनी, पलायनवाद। हाम्रो आजको संसारमा त्यहाँ थुप्रै किसिमका दासता छन्। बाइबलले हामीलाई सिकाउँछ कि मानिस जातिलाई पापले दास बनाएको छ, तर यसले यो पनि सिकाउँछ कि त्यसबाट स्वतन्त्र हुन सकिन्छ। यो कथामा दासत्वमा परेकी र दुष्टात्माले ग्रसित मरियम जसले येशुको अधिकार र शक्तिको सामना गर्छिन्, यिनलाई हेर्नुहोस्।

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई उसको आफ्नै शब्दहरूमा बताउन भन्नुहोस्।
**कदम ३: पूरा गर्नुहोस्।** अघिको सदस्यले भनेको कथामा कुनै खाली ठाउँहरू बाँकी भएमा समूहलाई सो ठाउँमा भर्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** छलफलका प्रश्नहरू:

*१. तपाईंलाई यो कथाको के सबैभन्दा बढी मन पर्यो? के ले तपाईंको ध्यान खिँच्यो?*
*२. मरियको दास अवस्थाले कसरी तिनलाई व्यक्तिगत रूपमा र तिनको समुदायमा असर पुर्याइरहेको थियो?*
*३. आफैलाई येशुले मरियमको अघि कसरी प्रकट गर्नुहुन्छ?*
*४. येशुद्वारा छुटकारा पाएपछि मरिय कसरी परिवर्तन भइन्?*

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस्)...**
*५. दुष्टात्माहरूले येशुलाई चिनेर उहाँलाई "परमेश्वरको पवित्र जन" भनेर बोलाउनु किन महत्त्वपूर्ण छ?*
*६. मरियमले छुटकारा पाएको देखेकाहरूले येशुको बारेमा के सोचे होलान् भन्ने तपाईंलाई लाग्छ?*
*७. यो कथाको तपाई मरियम हुनुहुन्छ भनी कल्पना गर्नुहोस्। येशुप्रति तपाईंले कस्तो महसुस गर्नुहुने थियो भन्ने तपाईंलाई लाग्छ?*

### निष्कर्ष
यो कथामा मरियमले अनुभव गरेको छुटकारामाथि मनन् गर्नुहोस्। आफूले छुटकारा पाइसकेपछि तिनका बुझाइको स्पष्टता, तिनले व्यक्त गरेको कृतज्ञता र तिनको सम्पूर्ण जीवनको रूपान्तरणलाई याद गर्नुहोस्। यस भागको सुरुमा देखिने स्त्री यिनै हुन् भनी के तपाई पत्याउन सक्नुहुन्छ? येशुले तपाईंका बन्धनहरू र दासताबाट तपाईंलाई छुटकारा दिनुभएको कारण तपाईंले अनुभव गर्नुभएको राहतको कल्पना गर्नुहोस्। तपाईंलाई कसरी नयाँ बनाइएको तपाई इच्छा गर्नुहुन्छ? आफ्नो काँधमा तपाईंले बोकिराख्नुभएको भारी वहाँलाई लिन दिनुहोस् र वहाँलाई पछ्याउनुहोस्। येशुको बारेमा विचार गर्नुहोस्।

---

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्
- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी कार्यान्वयन गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्
- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्
- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्
- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# पाठ ४ येशुको सहानुभूति

## येशुले विधवाकी छोरालाई जीवन पार्नुहुन्छ (लूका ७:११-१७)

पछाडि हेर्नु

### वास्ता

• तपाईंलाई कस्तो छ बताउनुहोस्।
• उदारताको अभ्यास गर्नुहोस्।

### आराधना

• भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्

• विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्

• प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

---

माथि हेर्नु

तपाईको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गर्नुहोस।

अफसोसलाई खास गरी कसैको मृत्युको कारण उत्पन्न हुने गहिरो शोकको रूपमा परिभाषित गरिन्छ। यो कथामा एक जना विधवाले अफसोस गरिरहेकी छिन् किनभने तिनको एक्लो छोरो मरेको छ। मरियमले येशु त्यस स्त्रीतिर बढ्नुभएको र तिनको हृदयका आवश्यकताहरू पूरा गर्नुभएको हेर्छिन्। यस घटनामा येशुले तिनको एक्लो छोरालाई निको पार्न, र तिनलाई तिनको सबैभन्दा बहुमूल्य उपहार दिन इच्छा गर्नुहुन्छ। वहाँले सधैं यस्तो गर्ने इच्छा नगर्न सक्नुहोला, तर हामीले हरेक परिस्थितिमा वहाँको सधैं रहिरहने उपस्थितिलाई सधैं अनुभव गर्न सक्छौं, यहाँसम्म कि सबैभन्दा अफसोसको क्षणमा पनि।

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई उसको आफ्नै शब्दहरूमा बताउन भन्नुहोस्।
**कदम ३: पूरा गर्नुहोस्।** अघिको सदस्यले भनेको कथामा कुनै खाली ठाउँहरू बाँकी भएमा समूहलाई सो ठाउँमा भर्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** छलफलका प्रश्नहरू:

*१. तपाईंलाई यो कथाको के सबैभन्दा बढी मन पर्यो? के ले तपाईंको ध्यान खिँच्यो?*
*२. येशुले विधवालाई सम्बोधन गर्न आफूले गर्दैगरेको कुरा गर्न बन्द गर्नुहुन्छ। यसले वहाँको हृदयको बारेमा के कुरा प्रकट गर्छ?*
*३. वहाँले मृतकलाई जीवित बनाउन सक्नुहुन्छ भन्ने कुराले येशुको बारेमा के बताउँछ?*
*४. के तपाईंले कहिल्यै आशाहीन महसुस गर्नुभएको परिस्थितिको अनुभव गर्नुभएको छ?*

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस्)...**
*५. येशुले त्यस विधवाकी छोरालाई जीवित बनाउनुभएपछि मानिसहरूले कसरी प्रतिक्रिया जनाए? त्यो विधवाले कसरी प्रतिक्रिया जनाइन्?*
*६. के त्यहाँ त्यस्तो कुनै कुरा वा व्यक्ति छ जसको लागि तपाईं अफसोस गर्दै हुनुहुन्छ? यदि छ भने, यो अफसोसबाट बाहिर निस्कन के तपाईं परमेश्वरमा भरोसा राख्न तयार हुनुहुन्छ?*

### निष्कर्ष

मात्र परमेश्वरले मृतकलाई सास दिन सक्नुहुन्छ। येशु परमेश्वर हुनुहुन्छ भन्ने सत्यतामाथि मनन् गर्नुहोस्। उहा मृतकलाई जीवन दिन सक्नुहुन्छ र दिनुभयो, केवल यस मानिसलाई मात्र होइन, तर आफ्नो सेवाकाइको समयावधिभरि तीन पटक यसो गर्नुभयो। उहा शक्तिशाली मात्र हुनुहुन्न, तर वहाँ कृपालु, सन्तवोना दिने परमेश्वर। परेम्शोवर।

---

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्

- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी कार्यान्वयन गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्

- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्

- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्

- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# पाठ ५ सङ्घर्ष र पूर्वाग्रह
## ईनारमा भेटिएकी स्त्री (यूहन्ना ४:१-४२)

पछाडि हेर्नु

### वास्ता
• तपाईंलाई कस्तो छ बताउनुहोस्।
• उदारताको अभ्यास गर्नुहोस्।

### आराधना
• भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्
• विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्
• प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

---

माथि हेर्नु

तपाईंको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गरनुहोस।

के तपाईंले कहिल्यै कसैबाट आलोचित वा अपहेलित महसुस गर्नुभएको छ? यो कथामा मरियमले समाजबाट बहिष्कृत सामरी स्त्रीको ईनारमा पानी भर्न जाने कामको दैनिकीलाई हेर्छिन्। कसैले नदेखोस् भनेर, त्यो स्त्री मध्यान्हको गर्मीमा एक्लै हिँड्छिन्। जब तिनी ईनारमा आइपुग्छिन्, त्यहाँ एक जना मानिसलाई देखेर तिनी निरास हुन्छिन्। तिनले वहाँ केवल एक जना मानिस मात्र नभएर, तर एक यहूदी भएको थाहा पाउँछिन्। सामरीहरू यहूदी र अन्यजातिबाट जन्मिएकाहरू थिए जसले यहूदी धार्मिक विचारहरू र विश्वासहरूलाई मूर्तिपूजक धर्मसँग मिसाए। यहूदीहरू र सामरीहरूले एक-अर्कालाई घृणा गर्दथ्ये, तर यी दुवै मानिसहरूका समूहले तिनीहरूका पाप क्षमा गर्नुहुने मसिहा, अथवा मुक्तिदाताको आगमनलाई पर्खिराखेका थिए। मानिस येशुले सांस्कृतिक तिरस्कारलाई बेवास्ता गर्दै तिनलाई भेट्नुहुँदा त्यो स्त्री कत्तिको आश्चर्यचकित भइन् कल्पना गर्नुहोस्। यो कथाको अन्त्यमा, समाजबाट बहिष्कृत त्यो सामरी स्त्री पहिलो व्यक्ति बन्छिन् जसलाई येशुले आफैलाई स्पष्टसँग मसिहा हुनुभएको कुरा प्रकट गर्नुहुन्छ।

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई उसको आफ्नै शब्दहरूमा बताउन भन्नुहोस्।
**कदम ३: पूरा गर्नुहोस्।** अघिको सदस्यले भनेको कथामा कुनै खाली ठाउँहरू बाँकी भएमा समूहलाई सो ठाउँमा भर्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** छलफलका प्रश्नहरू:

*१. तपाईंलाई यो कथाको के सबैभन्दा बढी मन पर्यो? के ले तपाईंको ध्यान खिँच्यो?*
*२. येशुले त्यस स्त्रीको विगतका सबै कुराहरू जान्नुहुन्थ्यो भन्ने कुरा किन महत्त्वपूर्ण छ?*
*३. येशुले त्यस स्त्रीलाई तिनको आफ्नै जीवन र विगतका पापहरूका बारेमा तिनलाई बताउनुहुँदा त्यसले कस्तो महसुस गरिन् होला भन्ने तपाईंलाई लाग्छ?*
*४. जब चेलाहरूले येशु एक सामरी स्त्रीसँग कुरा गरिरहनुभएको देखे, तिनीहरूका प्रतिक्रियाले तिनीहरूको पूर्वाग्रहलाई कसरी प्रकट गर्यो? यो कुराले येशुको बारेमा के बताउँछ?*

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस्)...**
*५. यो कथामा येशुले आफ्ना चेलाहरूलाई के सिकाउने प्रयास गर्दै हुनुहुन्छ भन्ने तपाईंलाई लाग्छ?*
*६. येशुले आफूलाई प्रतीज्ञा गरिएको मसिहा वहाँ नै हुनुहुन्छ भनेर त्यस स्त्रीलाई भन्नुहुँदा त्यसले के गरिन्?*

### निष्कर्ष
येशुले तपाईंका विगतका सबै कुराहरू: तपाईंले लिनुभएका सबै गलत निर्णयहरू, हरेक लाजमर्दो क्षणहरू र तपाईंका सबै लाजहरू जान्नुहुन्छ भन्नुले के अर्थ राख्छ सो बारेमा मनन् गर्नुहोस्। सबै कुरा उदाङ्गो भए तापनि, अझै पनि वहाँले तपाईंलाई आदर र सम्मानका नजरले हेर्नुहुन्छ भन्ने सत्यतामाथि अब मनन् गर्नुहोस्। तपाईंलाई मात्र होइन तर ति मानिसहरूलाई पनि जसलाई तपाईं मन पराउनुहुन्न। सबै मानिसहरूले वहाँलाई चिनून् भन्ने वहाँको इच्छामाथि मनन् गर्नुहोस्। येशुको बारेमा विचार गर्नुहोस्।

---

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्
- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी कार्यान्वयन गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्
- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्
- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्
- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# पाठ ६ चङ्गाइ र पुनर्स्थापना
## रगत बग्ने रोग लागेकी स्त्री (लूका ८:४०-४८)

पछाडि हेर्नु

### वास्ता
• तपाईंलाई कस्तो छ बताउनुहोस्।
• उदारताको अभ्यास गर्नुहोस्।

### आराधना
• भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्
• विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्
• प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

---

माथि हेर्नु

के तपाईंले कहिल्यै हरसम्भव गरेर कुनै शारीरिक वा भावनात्मक घाउबाट एकदमै छुटकारा पाउने कोसिस गर्नुभएको छ? यो कथामा यस स्त्रीले कसैले थाहै नपाइ येशुको वस्त्र छुन सकने छु भनी विश्वास गरिन्, यसरी तिनी वर्षौंदेखि उपचार गर्दा पनि अझ खराब हुँदै गएको तिनको रगत बग्ने रोगबाट अन्तत: निको हुन सक्थिन्। त्यो रगत बग्ने रोगले गर्दा तिनी अछुत भइन् र त्यस समयको धार्मिक व्यवस्थाअनुसार तिनी अशुद्ध हुन् भन्ने लेबल लाग्यो। एउटा ठुलो भीड मध्य पनि, तिनले मरियम र अरूहरूसँगै हुनुभएको येशुलाई छुने प्रयास गर्ने निर्णय गरिन्। के हुन्छ हेर्नुहोस्।

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई उसको आफ्नै शब्दहरूमा बताउन भन्नुहोस्।
**कदम ३: पूरा गर्नुहोस्।** अघिको सदस्यले भनेको कथामा कुनै खाली ठाउँहरू बाँकी भएमा समूहलाई सो ठाउँमा भर्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** छलफलका प्रश्नहरू:

*१. तपाईंलाई यो कथाको के सबैभन्दा बढी मन पर्यो? के ले तपाईंको ध्यान खिँच्यो?*
*२. येशुले त्यो भीडको अघि त्यस स्त्रीलाई किन पहिचान गर्नुभयो भन्ने तपाईंलाई लाग्छ?*
*३. त्यस स्त्रीको स्वीकारप्रतिको येशुको प्रतिउत्तर किन महत्त्वपूर्ण छ?*
*४. यो कथाको त्यो स्त्री तपाई हुनुहुन्छ भन्ने कल्पना गर्नुहोस्। निको पारिनुभएको त्यो पहिलो क्षण कस्तो हुन्थ्यो होला र येशुप्रति तपाईंले कस्तो महसुस गर्नुहुन्थ्यो होला?*

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस्)...**
*५. कसैले गर्न नसक्ने काम येशुले गर्न सक्नुहुन्छ भन्नुको अर्थ के हो?*
*६. येशुलाई भेट्नु अघि त्यस स्त्रीको जीवन कस्तो थियो भन्ने तपाईंलाई लाग्छ?*

तपाईंको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गरनुहोस।

### निष्कर्ष
एउटा ठुलो भीडको मध्य पनि, त्यो स्त्री गइन् र येशुको वस्त्र छोइन्। जब तिनले वहाँको वस्त्र छोइन्, तिनले आफ्नो शरीरमा रगत बग्न बन्द भएको महसुस गरिन्। तिनी निको भएकी थिइन्! तिनले महसुस गरेको राहत र कृतज्ञाबारे कल्पना गर्नुहोस्। येशुले भन्नुभयो, "छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ। शान्तिसँग जाऊ।" यी शब्दहरूमाथि मनन् गर्नुहोस्। यो कुरा वहाँले तिनले स्वीकार गरिसकेपछि भन्नुभएको थियो। तिनलाई अशुद्ध भनेर लेबल दिएका मानिसहरूका भीडका अघि, येशुले तिनीलाई छोरी भनेर बोलाउनुभयो र तिनको विश्वासको सम्मान गर्नुभयो। येशुले हामीले महसुस गरेका चोटहरू र घाउहरूका बारेमा वास्ता गर्नुहुन्छ। वहाँ हाम्रा हृदय दुखाइ र लाजबाट हामीलाई बाहिर निकाल्न इच्छुक हुनुहुन्छ। येशुको बारेमा विचार गर्नुहोस्।

---

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्
- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी कार्यान्वयन गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्
- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्
- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्
- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# पाठ ७ लाज र आदर

## व्यभिचारी स्त्रीलाई क्षमा दिइएको (यूहन्ना ८:१-११)

पछाडि हेर्नु

### वास्ता
• तपाईंलाई कस्तो छ बताउनुहोस्।
• उदारताको अभ्यास गर्नुहोस्।

### आराधना
• भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्
• विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्
• प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

---

येशुका समयमा धार्मिक अगुवाहरू "मोशाको व्यवस्था" भनिने विशेष विधिविधानहरूमा केन्द्रित थिए। मानिसहरूले परमेश्वरसँग सम्बन्धमा रहिरहन व्यवस्थालाई सिद्धसँग पालना गर्नुपर्दथ्यो। दुर्भाग्यवस, हामी सबैसँग एउटै समस्या अर्थात् पापको समस्या भएको कारण व्यवस्थाका सबै कुराहरू कसैले पनि पालन गर्न सक्दैनथ्यो। हिब्रू भाषामा पापको अर्थ "असफल हुनु" वा "लक्ष्यबाट चुक्नु" भन्ने हुन्छ। व्यवस्थाअनुसार, हामी सबै जना दोषी र मृत्यु लायक छौं। बिनामुक्तिदाता, हामी सबै नास हुन्छौं। तर येशु यस संसारमा हाम्रा साटोमा हाम्रा पापको ज्याला तिर्नका लागि आउनुभयो। यो कथामा एक पापी स्त्री येशुको अघि ल्याइन्छ। के हुन्छ हेनुहोस्।

माथि हेर्नु

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई उसको आफ्नै शब्दहरूमा बताउन भन्नुहोस्।
**कदम ३: पूरा गर्नुहोस्।** अघिको सदस्यले भनेको कथामा कुनै खाली ठाउँहरू बाँकी भएमा समूहलाई सो ठाउँमा भर्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** छलफलका प्रश्नहरू:

*१. तपाईंलाई यो कथाको के सबैभन्दा बढी मन पर्यो? के ले तपाईंको ध्यान खिँच्यो?*
*२. व्यवस्थाअनुसार, व्यभिचारमा पक्राउ परेका पुरुष र स्त्री दुवैलाई दण्ड दिनुपर्ने थियो, तर स्त्रीलाई मात्र येशुको अघि ल्याइएको थियो। न्यायका लागि त्यस स्त्रीलाई मात्र किन ल्याइयो भन्ने तपाईंलाई लाग्छ?*
*३.ती धर्मगुरुहरू र स्त्री दुवैका लागि येशुले जनाउनुभएको प्रतिक्रया किन महत्त्वपूर्ण छ?*
*४. त्यस स्त्रीले येशुले "म पनि तिमीलाई दोष दिन्नँ" भनेको सुन्दा कस्तो महसुस गरिन् होला भन्ने तपाईंलाई लाग्छ?*

तपाईंको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गर्नुहोस।

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस)...**
*५. येशुले त्यसरी किन प्रतिक्रिया जनाउनुभयो भन्ने तपाईंलाई लाग्छ? तिनीहरूले के बुझून् भन्ने वहाँ चाहनुहुन्थ्यो भन्ने तपाईंलाई लाग्छ?*
*६. यदि तपाईं ती अगुवाहरूका ठाउँमा हुनुहुन्थ्यो भने, येशुको प्रतिउत्तरप्रति तपाईंले कस्तो प्रतिक्रिया जनाउनुहुन्थ्यो होला?*

### निष्कर्ष
येशुले ती स्त्री र धार्मिक अगुवाहरूलाई दिनुभएको जवाफमाथि विचार गर्नुहोस्। ती मानिसहरूले तिनप्रतिको चिन्ताले नभई, तर तिनलाई लज्जित गर्न र वहाँलाई फसाउन तिनलाई वहाँको अघि ल्याएका थिए भन्ने वहाँलाई थाहा थियो। वहाँले न त त्यस स्त्रीको आदतलाई माफी दिनुभयो न ती धार्मिक अगुवाहरूकै पक्ष लिनुभयो। वहाँले तिनीहरू सबैलाई बुद्धिमानीपूर्वक तिनीहरूका गल्ती स्वीकार गर्नतिर डोर्याउनुभयो। येशुको हृदयले ती दुवै पक्षहरूलाई कसरी पश्चात्तापमा डोर्यायो भन्ने विचार गर्नुहोस्। येशुले पाप-क्षमा गर्न सक्नुहुन्छ–जुन परमेश्वरले मात्र गर्न सक्नुहुन्छ– किनभने वहाँ परमेश्वर हुनुहुन्छ। जब हामी येशुका चेलाहरू हुनलाई रोज्छौं, वहाँले हाम्रा पाप-क्षमा गर्नुहुन्छ र हामीलाई वहाँमा एउटा नयाँ जीवन प्रदान गर्नुहुन्छ। येशुको बारेमा विचार गर्नुहोस्।

---

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्
- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी कार्यान्वयन गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्
- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्
- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्
- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# पाठ ८ येशुको मृत्यु र पुनरुत्थान

## मरियमले येशुको मृत्यु र पुनरुत्थानको बारेमा बताउँछिन् (मत्ती २७-२८)

पछाडि हेर्नु

### वास्ता
• तपाईंलाई कस्तो छ बताउनुहोस्।
• उदारताको अभ्यास गर्नुहोस्।

### आराधना
• भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्
• विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्
• प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

---

माथि हेर्नु

येशुको मृत्यु भएको राती, वहाँलाई पछ्याउने स्त्रीहरू वहाँको शरीरमा घस्नका लागि सुगन्धित द्रव्य र अत्तरहरू तयार गर्न हतारिँदै घर गए। त्यसको भोलिपल्ट, तिनीहरूले शबाथ पालना गरे र अर्को दिन प्रभुको शरीर हेर्न जाने आशा गर्दै विश्राम गरे। येशुको कुटाइहरूलाई सम्झदा तिनीहरूका आँखाबाट आँसु झर्यो र तिनीहरूका मनमा वहाँको मृत्युको दृश्य पुन: खेल्दा तिनीहरूका हृदय दुखे। तिनीहरूका मित्र, संरक्षक र राजा मर्नुभयो।

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई उसको आफ्नै शब्दहरूमा बताउन भन्नुहोस्।
**कदम ३: पूरा गर्नुहोस्।** अघिको सदस्यले भनेको कथामा कुनै खाली ठाउँहरू बाँकी भएमा समूहलाई सो ठाउँमा भर्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** छलफलका प्रश्नहरू:

*१. तपाईंलाई यो कथाको के सबैभन्दा बढी मन पर्यो? के ले तपाईंको ध्यान खिँच्यो?*
*२. पुरानो करारमा अगमवक्ताहरूले येशुको मृत्युको विषयमा भविष्यवाणी गरेका थिए भन्ने कुरा किन महत्त्वपूर्ण छ?*
*३. मरियमले हाम्रा पाप र मृत्युका बारेमा उल्लेख गर्छिन्। येशुको मृत्यु र पुनरुत्थानले यी कुराहरूमाथि कसरी विजय पायो?*
*४. मरियमले रिभ्कालाई भन्छिन्, "तिमी प्रिय छोरी हौ।" येशुको मृत्यु र पुनरुत्थानले कसरी परमेश्वरका अघि हामी प्रिय छौं भनेर देखाउँछ?*

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस्)...**
*५. येशु आफ्नो मृत्युपछि कयौं पटक मरियम र चेलाहरूकहाँ देखा पर्नु किन महत्त्वपूर्ण छ?*
*६. सबै जना मिलेर भजनसंग्रह २२ पढ्नुहोस्। येशु मसिहा हुनुहुन्छ भनेर कुन-कुन पदहरूले पुष्टि गर्छन्?*
*७. येशुको मृत्यु र पुनरुत्थान बीच त्यहाँ तीन दिन बितेको थियो। वहाँ मर्नुभएपछि येशुका चेलाहरूलाई कस्तो लागेको थियो होला भन्ने तपाईंलाई लाग्छ?*

तपाईंको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गरनुहोस।

### निष्कर्ष
यशैयाका भनेका यी कुराहरू, "तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेडियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्यो, र उसको कोर्राको चोटले हामी निको भयौं" (यशैया ५३:५, NNRV) माथि विचार गर्नुहोस्। येशुले मानिसहरूलाई माया गर्नुभयो। वहाँले तिनीहरूलाई यतिसम्म बहुमूल्य र प्रिय ठान्नुभयो कि वहाँ श्रापित बन्नुभयो, परमेश्वरबाट अलग हुनुभयो र हाम्रा खातिर मर्नुभयो। अनि जब वहाँ मृतकबाट जीवित हुनुभयो, वहाँ साँच्चिकै परमेश्वर हुनुहुन्छ भन्ने वहाँले प्रमाणित गर्नुभयो। येशुले वहाँको मृत्यु र पुनरुत्थानमा देखाउनुभएको वहाँको सहानुभूति र शक्तिमाथि विचार गर्नुहोस्। येशुको बारेमा विचार गर्नुहोस्।

---

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्
- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी उहा गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्
- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्
- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्
- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# पाठ ९ येशु र वहाँको पाप-क्षमाको बारेमा थाहा गर्नु

## रिभ्काले विश्वास गर्छिन् (लूका २४:३६-५०)

पछाडि हेर्नु

### वास्ता
• तपाईंलाई कस्तो छ बताउनुहोस्।
• उदारताको अभ्यास गर्नुहोस्।

### आराधना
• भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्
• विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्
• प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

---

माथि हेर्नु

मरियमले परमेश्वरको कथाको समीक्षा गरेसँगै हामी हाम्रो शृङ्खलाको अन्तमा आइपुग्यौं। वहाँले हामी प्रत्येकलाई देख्नुहुन्छ र जान्नुहुन्छ। वहाँ बन्धनबाट स्वतन्त्रता र छुटकारा प्रदान गर्नुहुने मुक्तिदाता र देहधारी परमेश्वर हुनुहुन्छ। वहाँले मृतकलाई जीवित गर्न सक्नुहुन्छ र मानिसहरूलाई तिनीहरूका दु: खहरूमा र अफसोसमा सहानुभूति देखाउन सक्नुहुन्छ। वहाँसँग हाम्रा सबैभन्दा दुष्ट र लाजमर्दा कार्यहरूको समेत क्षमा दिने र छुटकारा दिने सबै अधिकार छ। वहाँको मृत्युमा वहाँको वचन निर्णायक छ। येशुलाई रिभ्काले कसरी प्रतिउत्तर दिइन् हेर्नुहोस्।

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई उसको आफ्नै शब्दहरूमा बताउन भन्नुहोस्।
**कदम ३: पूरा गर्नुहोस्।** अघिको सदस्यले भनेको कथामा कुनै खाली ठाउँहरू बाँकी भएमा समूहलाई सो ठाउँमा भर्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** छलफलका प्रश्नहरू:

*१. येशुको जीवन बारेमा मरियमको कुन समीक्षा तपाईंलाई सबैभन्दा बढी मन पर्यो? के ले तपाईंको ध्यान खिँच्यो?*
*२. येशुको कुन चाहिँ विशेषता तपाईंको लागि सबैभन्दा अर्थपूर्ण भएको छ?*
*३. परमेश्वरको अघि हाम्रा पापको समाधान कसरी भएको छ?*
*४. रिभ्का तिनको पाप क्षमा हुन्छ कि हुँदैन भन्ने कुरामा निश्चित थिइनन्। तिनको भरोसा तिनले कस्तो महसुस गर्छिन् भन्ने कुरामा वा तिनको व्यवहारमा नभई, अन्ततः परमेश्वरको वचन र उहा पाप-क्षमामा थियो भन्ने कुरामा किन महत्त्वपूर्ण छ?*
*५. के तपाईंहरूमध्ये कसैले रिभ्कासँगै प्रार्थना गर्नुभयो? तपाईंहरूमध्ये कोही प्रार्थना गर्न चाहनुहुन्छ कि?*

तपाईंको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गर्नुहोस।

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस्)...**
*६. येशुलाई पछ्याउने व्यक्ति आफ्नो मुक्तिको विषय सुनिश्चित हुन किन महत्त्वपूर्ण छ?*
*७. के तपाईंले आफैंलाई रिभ्काको हिचकिचाहटसँग सम्बन्धित गर्न सक्नुहुन्छ? यदि सक्नुहुन्छ भने, तपाईंका हिचकिचाहट वा चिन्ताहरूका बारेमा बताउनुहोस्।*
*८. के तपाईं अहिले आफ्नो जीवन येशुमा समर्पित गर्ने कुरा सोच्दै हुनुहुन्छ?*

### निष्कर्ष
यो भागमा हामी रिभ्काले येशुलाई पछ्याउने निर्णय गरेको हेर्छौं। वहाँलाई पछ्याउनुका नतिजाहरू र यसले तपाईंको जीवनमा के अर्थ राख्ने छ भन्ने बारेमा विचार गर्नुहोस्। के तपाईं पापबाट स्वतन्त्र हुने इच्छा गर्नुहुन्छ? पाप-क्षमा दिइएको र छुटकारा दिइएको हुने? देखिएको र जानिएको हुने? भरोसा राख्न सकिने कोही भएको ? येशुले हामीबाट हामीले साँचो विश्वास गरेको र पापप्रतिको इमानदार खेद प्रकट गरेको चाहनुहुन्छ। एकचोटि तपाईं वहाँकहाँ आइसक्नुभएपछि, वहाँले अब र त्यसपछि उता तपाईंको विश्वास देख्नुहुन्छ र सम्मान गर्नुहुन्छ भन्ने कुरामा तपाईं ढुक्क हुन सक्नुहुन्छ। अब तपाईंले येशुको बारेमा विचार गरिसक्नुभएको छ, यो समय चाहिँ निर्णय लिने समय हो। के तपाईंले वहाँलाई पछ्याउनुहुनेछ?

** अगुवाको लागि नोट: व्यक्तिलाई येशुलाई पछ्याउने, नपछ्याउने निर्णय लिने अवसर दिनु महत्त्वपूर्ण छ। समूहलाई यो प्रश्न अवश्य सोध्नुहोस्, "के तपाईंहरूमध्ये कसैले रिभ्कासँगै प्रार्थना गर्नुभयो? तपाईंहरूमध्ये कोही प्रार्थना गर्न चाहनुहुन्छ कि?" यदि धेरैले प्रतिक्रिया दिए भने, तिनीहरूलाई समूहभन्दा बाहिर गएर प्रत्येकलाई व्यक्तिगत रूपमा भेट्नुहोस्।*

---

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्
- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी कार्यान्वयन गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्
- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्
- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्
- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

## पाठ १०  येशुसँगै जिउनु
### ख्रीष्टियान जीवन जिउनु (मत्ती २८:१८-२०)

पछाडि हेर्नु

### वास्ता
• तपाईंलाई कस्तो छ बताउनुहोस्।
• उदारताको अभ्यास गर्नुहोस्।

### आराधना
• भजन र प्रार्थना गरेर सबैले सँगै आराधना गर्नुहोस्।

### विश्वासयोग्यतामा आनन्दित हुनुहोस्
• विजयको लागि एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

### दर्शन बाँड्नुहोस्
• प्रतिवद्ध चेलाहरू भइरहन एक-अर्कालाई प्रोत्साहन दिनुहोस्।

माथि हेर्नु

येशुलाई पछ्याउनुको अर्थ मरियम परिवर्तन भएजस्तै, तपाईं पनि परिवर्तन हुनुहुनेछ भन्ने हो। वहाँले हामीलाई योभन्दा अझ महान–उहाँको परिचयका साथ जिउन र सम्मान, आशा र भलाइ सहित जिउन बोलाउनुहुन्छ। हामीलाई परिवर्तन गरेको जीवनको वचन अरूहरूलाई बताउन वहाँले हामीलाई बोलाउनुहुन्छ। वहाँ हाम्रो साथमा हुनुहुन्छ भनेर जानेर वहाँको वचन र आज्ञाहरूमा वहाँमाथि भरोसा राख्न बोलाउनुहुन्छ। वहाँले हामीलाई पूर्ण रूपले जान्नुहुन्छ र बुझ्नुहुन्छ भनेर जानेर वहाँमा रहेको सुरक्षामा ढुक्क हुन वहाँले हामीलाई बोलाउनुहुन्छ।

**कदम १: देखाउनुहोस्।** यो भागलाई दुई चोटि हेर्नुहोस्।
**कदम २: बताउनुहोस्।** समूहको कुनै एक सदस्यलाई हेरिएको यस भागको कथालाई उसको आफ्नै शब्दहरूमा बताउन भन्नुहोस्।
**कदम ३: पूरा गर्नुहोस्।** अघिको सदस्यले भनेको कथामा कुनै खाली ठाउँहरू बाँकी भएमा समूहलाई सो ठाउँमा भर्न वा सच्चाउन दिनुहोस्।
**कदम ४: छलफल।** छलफलका प्रश्नहरू:

१. *ख्रीष्टियान जीवनको बोलावट बारेमा तपाईंलाई सबैभन्दा बढी के मन पर्यो? के ले तपाईंको ध्यान खिँच्यो?*
२. *येशुलाई पछ्याउनु कस्तो हुन्छ?*
३. *येशुका अन्तिम वचनहरूले तपाईंलाई कस्तो प्रभाव पार्यो?*
४. *येशुले तपाईंको जीवनको कुन चाहिँ क्षेत्रलाई परिवर्तन गरिदिनुभएको तपाईं चाहनुहुन्छ?*

**अझै गहिराइमा जानु (यदि समय छ भने अरू छलफल गर्नुहोस्)...**
५. *येशुलाई तपाईंको जीवन परिवर्तन गर्न दिंदा कुन कुरामा तपाईंलाई सबैभन्दा धेरै डर लाग्छ?*
६. *येशुका वचनहरूले कसरी तपाईंलाई चुनौती दिएको छ?*

तपाईंको आफ्नो उपकरणमा आफ्नो भाषामा भाषामा खण्ड यो QR हेर्न प्रयोग गर्नुहोस।

### निष्कर्ष
आफ्ना चेलाहरूलाई येशुले भन्नुभएका अन्तिम वचनहरूका तीन मुख्य तत्वहरूमाथि विचार गर्नुहोस्। येशुले आफूलाई स्वर्ग र पृथ्वीका सबै अधिकार दिइएको छ भनेर घोषणा गर्नुहुन्छ। वहाँले हामीलाई जान र चेलाहरू बनाउन, अनि तिनीहरूलाई वहाँले आज्ञा गर्नुभएका सबै कुराहरू पालन गर्न सिकाउन आज्ञा दिनुहुन्छ। अनि वहाँले युगको अन्तसम्म हाम्रा साथमा हुनुहुन्छ भन्ने वाचा गर्नुहुन्छ। येशुको अन्तिम घोषणा, आज्ञा र वाचालाई विचार गर्दा त्यसले तपाईंको जीवनमा के अर्थ लाग्ने छ विचार गर्नुहोस्। येशुको बारेमा विचार गर्नुहोस्।

तपाईं येशुलाई पछ्याउन तयार हुनुहुन्छ वा हुनुहुन्न, जे भए पनि, के तपाईं वहाँको बारेमा र तपाईंले वहाँलाई कसरी पछ्याउन सक्नुहुन्छ भन्ने बारेमा तपाईंको सिकाइलाई निरन्तरता दिन चाहनुहुन्छ? एकसाथ तपाईंको आत्मिक यात्रामा सिक्ने र बढ्ने कामलाई निरन्तरता दिन तपाईंका लागि त्यहाँ थुप्रै अवसरहरू उपलब्ध छन्। यसमा *येशुको बारेमा विचार गर्नु* पुस्तक समावेश समावेश भए तापनि, तपाईंले यसपछि अरू केही कदमहरू उठाउन सक्नुहुन्छ। तपाईं प्रत्येकका लागि अबको अर्को कदम कस्तो हुन्छ होला भनेर एकसाथ छलफल गर्नुहोस्। अर्को कदमहरूका लागि येशु फिल्म परियोजनाका *रिभ्का* र *येशुलाई चिन्नु* फिल्महरू हामी सिफारिस गर्दछौं। अगुवा निर्देशकाको कदम चारका यी उपकरणहरूमा अरू जानकारी दिइएको छ। **सायद तपाईं आफूले सिक्नुभएको कुरा अरूहरूलाई पनि बताउन चाहनुहुन्छ र तपाईंको आफ्नै *येशुको बारेमा विचार गर्नु* भन्ने समूह सुरु गर्न चाहनुहुन्छ होला। सल्लाहको लागि तपाईंको समूह अगुवासँग मदत माग्नुहोस् र यदि यो तपाईंको लागि अर्को कदम हो भने यसलाई सहयोग गर्नुहोस्।**

अगाडि हेर्नु

### कार्यान्वयन गर्नुहोस्
- परमेश्वरले आफैलाई कसरी विश्वासयोग्य हुनुहुन्छ भनेर देखाउनुभयो?
- परमेश्वरको बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई तपाईंले कसरी कार्यान्वयन गर्नुहुनेछ?

### अभ्यास गर्नुहोस्
- एक-अर्कालाई यो कथा बताउँदै अभ्यास गर्नुहोस्।

### बाँडचुँड गर्नुहोस्
- यो कथा कसलाई सुनाउनुहुनेछ?

### प्रार्थना गर्नुहोस्
- तपाईंले सिक्नुभएका कुराहरूका लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस्।
- समुदायका अरूहरूका निम्ति प्रार्थना गर्नुहोस्।

# येशुको बारेमा विचार गर्नु

सामुदायिक साना समूहहरूका लागि १०-हप्ते रणनीति

Jesus Film Project®
A Cru Ministry